# नवदुर्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (सामान्य प्रशासन शाखा)

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

## करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७७/०५/२१)

यस गाउँपालिकाको निर्णयानुसार तपसिलको विज्ञापनमा उल्लेखित पदमा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिलः

| विज्ञापन नं. | पद | पद सङ्ख्या | कैफियत |
|---|---|---|---|
| ०१/०७७-७८ | ब्याकहो लोडर अपरेटर | १ (एक ) | |

**परीक्षाको किसिमः-** अन्तर्वार्ता र सीप परीक्षण

**आवश्यक न्यूनतम योग्यताः-** सामान्य लेखपढ गर्न जान्ने र ब्याकहो लोडरको सवारी चालक अनुमति पत्र भएको हुनु पर्नेछ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले निर्धारित परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, सवारी चालक अनुमति पत्र, नेपाली नागरिकताको प्रमाण पत्र, अनुभव आदिको प्रमाण पत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वको आवेदन फारम भरी यस गाउँपालिकाको सामान्य प्रशासन शाखामा आवेदन दिनु पर्नेछ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७७/०५/३० गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र।

**दरखास्त दस्तुरः-** ४००/- ( चार सय मात्र)

**दरखास्त दस्तुर बुझाउने स्थानः-** नवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय, लेखा शाखा, मणिलेक, डडेल्धुरा

**सम्पर्क मितिः-** २०७७/०५/३१ गते बुधबार

**अन्तर्वार्ता र सीप परीक्षण :-** सम्पर्क मितिको दिन तोकिनेछ।

**तलब स्केल तथा सुविधाः-** सेवा करार सम्झौता बमोजिम हुनेछ।

**पुनश्चः** सूचनामा उल्लेख भए बाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ।

***नोटः*** *थप जानकारीका लागि मोबाईल नं ९८५८७४५४३० वा ९८५८७४५४४० मा सम्पर्क गर्न सक्नु हुनेछ।*

२०७७/५/२१

सिद्धराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत